# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, श्रावण १९ गते २०२७ साल

श्री ५ को सरकार

## सूचना तथा प्रसार मन्त्रालय

श्री ५ को सरकारले बनाएको निम्न लेखिएबमोजिमको पत्र प्रतिनिधि (संशोधन) नियमहरू, २०२७ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### पत्र प्रतिनिधि (संशोधन) नियमहरू, २०२७

पत्र प्रतिनिधि नियमहरू, २०२१ (यसपछि "मूल नियमहरू" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०१९ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "पत्र प्रतिनिधि (संशोधन) नियमहरू, २०२७" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मूल नियमहरूको नियम २ मा संशोधनः– मूल नियमहरूको नियम २ को खण्ड (क) र (ग) को सट्टा देहायका खण्ड (क) र (ग) राखिएको छ र खण्ड (घ) थपिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
393

(क) "पत्र प्रतिनिधि" भन्नाले कुनै पनि समाचार वा सामयिक पत्र-पत्रिकाको प्रतिनिधि वा सम्वाद समितिको प्रतिनिधि सम्झनुपर्छ र सो शब्दले त्यस्तो पत्र-पत्रिका वा सम्वाद समितिको प्रतिनिधित्व गर्ने फोटोग्राफर वा अधिकृत रूपमा प्रमाणपत्र पाएको फोटोग्राफरलाई समेत जनाउँछ ।

(ग) "निर्देशक" भन्नाले सूचना विभागको निर्देशक सम्झनुपर्छ ।

(घ) "सम्पादक" भन्नाले कुनै पनि पत्र-पत्रिकाको सम्पादक सम्झनुपर्छ ।

३. मूल नियमहरूको नियम ३ मा संशोधनः— मूल नियमहरूको नियम ३ को उप-नियम (२) को सट्टा देहायका उप-नियम (२) राखिएको छः—

(२) उप-नियम (१) बमोजिम आवेदनपत्र पेश गर्ने व्यक्तिले आवेदनपत्रमा छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ बमोजिम आफ्नो समाचारपत्र वा पत्रिकाको रजिष्ट्रेशन भएको नम्बर खोली पेश गर्नुपर्छ । आवेदक विदेशी समाचारपत्र वा सम्वाद समितिको प्रतिनिधि भएमा निजले त्यस्तो समाचारपत्रको सम्पादक वा प्रकाशक वा सम्वाद समितिको व्यवस्थापकको सिफारिशपत्र समेत पेश गर्नु पर्नेछ ।

४. मूल नियमहरूको नियम ६ मा संशोधनः— मूल नियमहरूको नियम ६ को सट्टा देहायका नियम ६ राखिएको छः—

६. प्रमाणपत्रको अवधि र नवीकरणः— (१) नियम ३ अन्तर्गत जारी गरिएको प्रमाणपत्र सो जारी गरिएको मितिले एक वर्षसम्म बहाल रहनेछ ।

(२) प्रमाणपत्रको अवधि समाप्त भएपछि सो समाप्त भएको मितिले ३५ दिनभित्र निर्देशकबाट प्रमाणपत्रको नवीकरण गर्न सकिनेछ ।

(३) कुनै विदेशी समाचारपत्र वा सम्वाद समितिको प्रतिनिधि वा संवाददाताको प्रमाण-पत्र साधारणतया ४ पटकभन्दा बढी नवीकरण गरिने छैन ।

(४) उप-नियम (२) बमोजिम प्रमाणपत्र नवीकरण गर्ने माग गर्दा पत्र प्रतिनिधि वा संवाददाताले सम्पादक वा प्रकाशक वा सम्वाद समितिको व्यवस्थापकको सिफारिश समेत पेश गर्नु पर्नेछ ।

५. मूल नियमहरूको नियम ७ मा संशोधनः— मूल नियमहरूको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छः—

७. पत्र प्रतिनिधि तथा संवाददाताको कार्यक्षेत्रः— (१) स्वदेशी समाचारपत्र वा सम्वाद समितिका प्रतिनिधि तथा संवाददाताको कार्यक्षेत्र साधारणतया नेपाल अधिराज्यभर हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर, पत्र प्रतिनिधि वा संवाददाता विदेशी समाचारपत्र वा सम्वाद समितिको प्रतिनिधि भएमा निजहरूको कार्यक्षेत्र साधारणतया काठमाडौं उपत्यका मात्र हुनेछ ।

६. मूल नियमहरूको नियम ८ मा संशोधनः– मूल नियमहरूको नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छः–

८. काठमाडौं उपत्यका बाहिरको समेत प्रमाणपत्र प्राप्त गर्नेः– (१) काठमाडौं उपत्यकाको निमित्त प्रमाणपत्र पाई रहेका विदेशी पत्र प्रतिनिधि वा संवाददाताले निषिद्ध घोषित क्षेत्र बाहेक नेपाल अधिराज्यको अन्य कुनै भागहरूमा जान चाहेमा त्यस्तो विदेशी पत्र प्रतिनिधि वा संवाददाताले प्रमाणपत्र लिन चाहेको कारण उल्लेख गरी निर्देशकछेउ आवेदन गर्नु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम आवेदनपत्र प्राप्त भएपछि आवेदकको सम्बन्धमा आवश्यक कुरा बुझी निर्देशकले आवेदकलाई काठमाडौं उपत्यका बाहिरको समेत अस्थायी प्रमाणपत्र दिन सक्नेछ ।

७. मूल नियमहरूको नियम ११ मा संशोधनः– मूल नियमहरूको नियम ११ को सट्टा देहायको नियम ११ राखिएको छः–

११. अस्थायी प्रमाणपत्र दिन सकिनेः– (१) प्रमाणपत्र नलिएका कुनै पत्र प्रतिनिधि वा संवाददाताले कुनै खास समारोह वा कामको लागि अस्थायी प्रमाणपत्र लिन चाहेमा निजले जुन समाचारपत्र वा सम्वाद समितिमा आफूले काम गरेको हो सो कुराको प्रामाणिक कागजपत्रकासाथ आफ्नो ३ थान फोटो सहित निर्देशककहाँ आवेदन दिनु पर्नेछ । आवेदनपत्रको साथमा नियम ५ बमोजिमको शुल्क समेत दाखिल गर्नु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम आवेदनपत्र प्राप्त भएपछि निर्देशकले आवेदकलाई अस्थायी प्रमाणपत्र दिन सक्नेछ । त्यस्तो अस्थायी प्रमाणपत्रको अवधि तथा शर्तहरू सोही प्रमाणपत्रमा तोकिएबमोजिम हुनेछन् ।

८. रूपान्तरः– मूल नियमहरूमा जहाँ जहाँ "डाइरेक्टर" भन्ने शब्द परेको छ सो सो ठाउँमा "निर्देशक" भन्ने शब्द राखी रूपान्तर गरिएको छ ।

९. खारेजीः– मूल नियमहरूको नियम १२ र नियम १३ खारेज गरिएको छ ।

आज्ञाले–
सुन्दरप्रसाद शाह
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 292

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३१६